# रामधुनी नगरपालिका कार्यालय
## झुम्का, सुनसरी

प्रथम पटक प्रकासित मिति २०७३।०३।०७

प.स.
च.नं. ३३६

विषय : ठेक्काको लगाउने वारेको १५ दिने सुचना ।

यस नगरपालिकाको मिति २०७४/०३/०६ गते वसेको वैठकको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत तर्पासिल बमोजिमको साप्ताहिक हाट बजार र गुद्री बजारको कर संकलन, पटके सवारी कर संकलन तथा झुम्का बधशला संचालन गर्न ठेक्का टेण्डर द्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले सम्वन्धित सबैको जानकारीकोलागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ । ईच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलवन्दि टेन्डर तोकिएको मिति र समयमा छुटा छुट्टै दर्ता गराउन हुन अनुरोध छ ।

## तपसिल

| क.सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक बार्षिक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | शिलबन्दि बोलपत्र खोलिने मिति | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | रामधुनी १ र ५ मा लाग्ने शनिवारे बुधवारे साप्ताहिक हटिया तथा दैनिक गुद्रि बजार | १,५१२,५५५।०० | १,०००।०० | २०७४।०३।२१ | २०७४।०३।२२ दिनको १२ बजे सम्म | २०७४।०३।२२ गते दिनको १ बजे | १ वर्ष |
| २. | रामधुनी ६ बक्लौरीमा लाग्ने आईतवावारे साप्ताहिक हटिया तथा दैनिक गुद्रि बजार | १४७,१०१।०० | १,०००।०० | " | " | " | १ वर्ष |
| ३. | रामधुनी ८ मा शनिवारे बुधवारे लाग्ने साप्ताहिक हटिया तथा दैनिक गुद्रि बजार | ६१,१०५।०० | १,०००।०० | " | " | " | १ वर्ष |
| ४. | पटके सवारी कर | २७६,५५५।०० | १,०००।०० | " | " | " | १ वर्ष |
| ५. | झुम्का बधशाला संचालन गर्न | २,५२५,५५५।०० | १,०००।०० | " | " | " | ३ वर्ष |

### ठेक्काको सर्तहरु

१. बोलपत्र फारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक विदा पर्न गएका विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यक्रमकोलागि गणना गरिने छ ।
२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कवोल गरेको अंकको एकमुष्ठ रकममा नेपालीको हकमा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) र गैह्र नेपालीको हकमा १०% धरौटी रकम यस नगरपालिकाको नाममा रहेको रा.वा.बैंक ईनरुवा स्थित धरौटी खाता च.हि.नं. २२२०३०३००३००२ मा दाखेला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम संलग्न राखि शिलवन्दि गरी तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको १.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि वोलपत्र टेण्डर कार्यालय तथा दल प्रतिनिधिहरुको साक्षि किनाराको रहोवरमा खोलिने छ ।
३. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिऐको हुनुपर्ने छ । अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्ने नेपालीले नागरिक्ताको प्रमाणपत्र तथा टेण्डर फरम खरिद गरेको नगदि रसिद अनिवार्य संलग्न राख्नु पर्ने छ ।
४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।
५. रामधुनी वा.नं. १ हाटखोला भित्र रहेको स्टल (टहरा) मा रहेको पसलमा कर दस्तुर उठाउन पाउने छैन ।

# रामधुनी नगरपालिका कार्यालय

झुम्का, सुनसरी



६. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्ति वा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन ।
७. कर संकलन गर्न प्रयोग गर्ने रसिद आफैले व्यवस्था गर्नु पर्ने छ। कर दस्तुर नगर परिषदले निर्धारण गरे वमोजिम उठाउनु पर्ने छ। रसिद न.पा. वाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाईने छ ।
८. वोलपत्र फारम जसको नाम वाट जुन प्रयोजनको लागि खरिद गरिएको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा टेन्डर दाखिला (दर्ता) गर्नु पर्ने छ। नाम फेरी वोल पत्र दाखिला गराएमा त्यस्तो वोल पत्रलाई मान्यता दिईने छैन् ।
९. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाउनु पर्ने छ। एक मुष्ठ वुझाए वापत १० प्रतिशत सम्म छुट दिइनेछ ।
१०. ठेक्का सर्म्वान्ध लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।
११. तोकिएको शर्तमा आल टाल गरेमा धरौटी जफत गरी दोश्रो क्रमको वोलपत्र दात व्यक्ति वा संस्था संग सम्झौता गरी ठेक्का दिईने छ वा पुन टेण्डर गरिनेछ ।
१२. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।
१३. हटिया तथा गुद्री बजारको सर सफाई ठेकेदार स्वयले गर्नु पर्ने छ ।
१४. हटिया तथा गुद्री वजार व्यवस्थापन भई नगरपालिकाले अन्य क्षेत्रमा सरेर गएमा सोही स्थानमा गई गुद्री वजार तथा हटियाको कर दस्तुर उठाउनु पर्ने छ ।
१५. नेपाल सरकारले निषेध गरेका कुनै पनि काम हाट, बजार,दैनिक गुद्रि बजार तथा अन्य ठेक्कामा गर्न पाईने छैन् ।
१६. बधशाला संचालनमा देहायका मापदण्ड तय गरिएको छ ।

**प्रत्येक वर्षकोलागि**

क) पहिलो वर्षकोलागि कवोल गरेको सम्पुर्ण रकम एक मुष्ठ बुझााएमा १० प्रतिशत सम्म छुट गरिनेछ। साथै एक मुष्ठ बुझाउन असक्षम भएमा देहाय अनुसार (३ तिन) किस्तामा रकम बुझाउनु पर्नेछ। जस अनुसार संझौता गर्दा पहिलो किस्ता २५ प्रतिशत, दोस्रो किस्ता ६ महिना सम्पाप्त भएको पहिलो हप्ता भित्र ३५ प्रतिशत र अन्तिम किस्ता नवौ महिना समाप्त भएको पहिलो हप्ता भित्र ४० प्रतिशत रकम बुझाउनु पर्ने छ। यसै गरि संझौता अवधिको बाकी २ वर्षको रकम बुझाउने समयावधि तथा अवस्था माथि उल्लेख गरिए वमोजिम ३ किस्तामा गर्नु पर्ने छ र प्रत्येक वर्ष १० प्रतिशतका दरले संझौता रकम थप भएको मानिनेछ ।

ख) बधशला संचालन तथा व्यवस्थापन गर्दा सो मा हुने खर्च जस्तै ( पानी, बिजुली महसुल र अन्य व्यवस्थापन खर्च आदि ) संचालक आफैले वेहोर्नु पर्नेछ ।

ग) संचालन अवधि ३ वर्ष ( २०७४ श्रावण देखि २०७७ असार मसान्त सम्मको) हुनेछ ।

घ) संचालकले संझौता अवधि समाप्त भए पछि न.पा.लाई बधशाला हस्तानतरण गर्दा पुर्ववत अवस्था (चालु अवस्था ) मा हस्तानतरण गर्नु पर्नेछ ।

ङ) बुदा नं. (घ) मा उल्लेख भए अनुसार प्राविधिक वाट चेक जाँच गर्दा चालु अवस्थामा नपाईएमा प्राविधिकको प्रतिवेदन अनुसार चालु अवस्थामा ल्याउन लाग्ने खर्च दोस्रो पक्ष (संचालक) ले वोहोर्नु पर्ने छ ।

च) बधशला संचालकले "पशु बधशला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ को अनुसुचिहरु र "पशु बधशला र मासु जाँच ऐन" मा व्यवस्था भए अनुसारको मापदण्डहरु पुरा गरेर बधशला संचालनमा ल्याउनु पर्ने छ ।

छ) संझौता अबधिमा बधशालामा व्यपारि तथा अन्य व्यक्तिको खशि काट्दा देहाय अनुसारको दर रेटमा सेवा प्रवाह गर्नु पर्नेछ ।

- नियमित रुपम संचालनमा रहेको दर्ता वाला व्यवसायिहरुको हकमा खसी प्रजाती तयारी गर्दा प्रति गोट रु. ५००।०० पाच सय मात्र ।
- अन्यको हकमा रु. ७५०।०० सात सय पचास मात्र ।
- माथि उल्लेखित रकममा खशि भुतल्याउने, आन्द्रा सफा गर्ने र छुट्याउने काम हुन्छ। टुकाउने कामको थप सेवा शुल्क लिन सकिनेछ ।

१७ मापदण्ड विपरितको काम वा संझौता उलंघन गर्ने काम कुनै पक्ष वाट गर्न पाईने छैन गरेमा सो वाट हुने क्षति पुर्ती र नियमानुसारको कार्वावाही सोही पक्षले वेहोर्नु पर्ने छ ।

१८. सुचनामा लेखिए वाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

नौट : अन्य विस्तृत कुरा बुझ्नु पर्ने भएमा फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकामा आई बुझ्न सकिने छ ।

सुर्य प्रसाद गौतम